आज मिति २०७९ साल आषाढ ८ गते दिनको २ बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ | प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय | उप-प्रमुख | उप-प्रमुख |
| ३ | | श्री मेघ नाथ पाध्या | प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्दीप सापकोटा | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ५. | | श्री गणेश वहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ६. | | श्री प्रकाशचन्द्र अधिकारी | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ७. | | श्री वेधविना तिवारी | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ८. | | श्री विमला गुरुङ्ग | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ९. | | श्री रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| १०. | | श्री ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| ११. | | श्री कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १२. | | श्री चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १३. | | श्री राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १४. | | श्री फणेन्द्र चौधरी | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १५. | | श्री उमाशंकर चौधरी | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १६. | | श्री नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १७. | | श्री सन्त वहादुर गाहा | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्री रुद्र बहादुर आले वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भीमकाजी गुरु वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मञ्जु चालिसे शर्मा | सदस्य |
| २१. | | श्री रिता कुमारी सुनार | सदस्य |
| २२. | | श्री रिता ढंगाना | सदस्य |
| २३. | Sumitra | श्री सुमित्रा ढकाल | सदस्य |
| २४. | | श्री जानकी न्यौपाने | सदस्य |
| २५. | | श्री गोविन्द विश्वकर्मा | सदस्य |
| २६ | | श्री प्रेम वहादुर भुजेल | सदस्य |
| २७ | | श्री बुद्देराम वि.क. | सदस्य |
| | | व्यवस्थापन टोली | |
| २९. | | श्री लोकराज पन्थी | उपसचिव (प्रा) |
| ३०. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३२. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३३ | | श्री पशुपती गैरे | अधिकृत छैटौ |
| ३४. | | श्री मदन श्रेष्ठ | इन्जिनियर |
| ३५ | | श्री पिताम्बर खापकोटा | अ.न.प्र. |
| ३६. | | श्री भरत लम्साल | (प्रमुख वि.अ.का.) |
| ३७ | | श्री गोपाल पाण्डे | स्वास्थ्य शाखा |
| ३८ | | श्री कृष्ण हरि पौडेल | स्वास्थ्य शाखा |

प्रस्तावहरु :-

(१) आगामी आ.व.०७९/०८० को नीति, कार्यक्रम तथा बजेट,
(२) बर्दघाट नगरपालिकाको आर्थिक विधेयक, २०७९
(३) बर्दघाट नगरपालिकाको विनियोजन विधेयक, २०७९
(४) न्यायीक समिति गठन सम्बन्धमा
(५) नगरसभाको कार्यसूचि सम्बन्धमा
(६) हाट बजारको रकम फिर्ता सम्बन्धमा
(७) तालिम गोष्ठिको मापदण्ड
(८) न्यायीक समितिको प्रतिवेदन स्वीकृतीको लागि सभामा पेश गर्ने सम्बन्धमा
(९) आन्तरिक लेखा परिक्षण तथा अन्तिम लेखा परिक्षणको जानकारी सम्बन्धमा
(१०) योजनाको म्याद थप सम्बन्धमा
(११) इन्धन तथा संचार सुविधा मापदण्ड सम्बन्धमा
(१२) बजेट सिलिङ्ग संसोधन सम्बन्धमा
(१४) स्थानीय पदाधिकारीको सुविधा अनुमोदन सम्बन्धमा
(१३) चिसापानी अस्पतालका लागि जग्गा व्यवस्थापन सम्बन्धमा

निर्णयहरूः

निर्णय नं. १

आगामी आर्थिक वर्ष ०७९/०८० को नीति, कार्यक्रम तथा बजेट स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो

निर्णय नं. २

बर्दघाट नगरपालिकाको आर्थिक विधेयक, २०७९ स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

बर्दघाट नगरपालिकाको विनियोजन विधेयक, २०७९ स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४ः

नेपालको संविधानको धारा २१७ बमोजिम स्थानीय तहका सभाका सदस्यहरूमध्येबाट ३ सदस्यीय न्यायीक समिति रहने प्रावधान बमोजिम देहायका सदस्यहरू रहने गरी न्यायीक समिति गठनको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो

संयोजक श्री रूद्र प्रकाश उपाध्याय

सदस्य श्री ध्रुव थारू

सदस्य श्री मन्जु चालिसे शर्मा

निर्णय नं ५ः

दशौं नगरसभा सञ्चालनको कार्य सूचि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६ः

चालु आ.व. ०७८/७९ को लागि ठेक्का दिइएका नगरभित्रका साप्ताहिक हाट बजार तथा पाडा बजार समेतको आय ठेक्का सञ्चालनको क्रममा निशेधाज्ञाको कारणबाट आय संकलनमा अवरोध भै सम्बन्धित व्यावसायीले कर असुली गर्न असमर्थ भएको सन्दर्भमा सम्बन्धित व्यावसायीहरूले आय ठेक्का बापत नगरपालिकामा दाखिला गरेको रकमलाई आधार मानी बन्द भएको दिनको अनुपातिक हिसाबले एवं प्राविधिक मूल्यांकनको आधारमा पर्न आउने रकम फिर्ता तथा दाखिला गर्न बाँकी रकम छुट दिने सम्बन्धी आवश्यक निर्णयको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:**

**यस नगरपालिकामा आगामी आ.व.मा तालिम, गोष्ठि लगायतका सफ्टवेयर कार्यक्रम सञ्चालन गर्दा देहायको खर्च मापदण्ड ( Expenditure Norms For Internal Training) स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।**

तपसिल

| क्र.सं. | खर्च क्षेत्र | इकाइ | दर रु | कैफियत |
|---|---|---|---|---|
| १. | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालय बाहिरबाट श्रोत व्यक्ति | प्रति व्यक्ति प्रति डेढ घण्टा | १५००/- | श्रोत सामग्री रु.५००।- सहित |
| २. | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालय भित्रको श्रोत व्यक्ति अधिकृत स्तर | प्रति व्यक्ति प्रति डेढ घण्टा | १५०० | श्रोत सामग्री रु. ५००।- सहित |
| ३. | श्रोत व्यक्तिको पारिश्रमिक कार्यालय भित्रको श्रोत व्यक्ति सहायक स्तर | प्रति व्यक्ति प्रति डेढ घण्टा | १०००/- | श्रोत सामग्री रु. ५००।- सहित |
| ४. | कार्यक्रम संयोजक पारिश्रमिक | प्रति दिन | १०००/- | एक कार्यक्रममा एक जनामात्र |
| ५. | सहभागि यातायात खर्च | प्रति दिन यातायात | ५०० | आते जाते |
| ६. | चिया खाजा खर्च | प्रति व्यक्ति प्रति दिन | १५०/- | दिनको एक पटक |
| ७. | खाना खर्च | प्रति व्यक्ति प्रति दिन | ३००/- | दिनको एक पटक |
| ८. | सहभागि स्टेसनरी | प्रतिव्यक्ति प्रति तालिम | १००/- | डटपेन, कापी र अन्य |
| ९. | तालिम स्टेसनरी | प्रति तालिम | ५०००/- | मार्कर, वोर्ड पेन आदि |
| १०. | आवासीय तालिम गर्दा प्रति सहभागि | प्रति व्यक्ति प्रति दिन | १५००/- | खाना बस्न सहित |
| ११. | कार्यालय सहयोगी र ह.स.चा. | प्रति व्यक्ति प्रति दिन | ५००/- | |
| १२. | प्रतिवेदन लेखन नेपालीमा | प्रति तालिम | १५००/- | १ जनामात्र |

**निर्णय नं ८:**

**यस नगरपालिका अन्तरगत गठित न्यायीक समितिले चालु आ.व.मा गरेका कामकारवाहीको विवरण समेटीएको ब्यहोराको प्रतिवेदन स्वीकृतिको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।**

**निर्णय नं ९**

**चालु आ.व. ०७८।७९ को यस कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखा परिक्षण गर्ने कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपरासी (बर्दघाट सुस्ता– पश्चिम) लाई अनुरोध गर्ने र अन्तिम लेखा पक्षिणको प्रतिवेदन सार्वजनिक गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।**

**निर्णय नं १०**

**चालु आ.व.मा उपभोक्ता समिति तथा ठेक्का पट्टा बाट सञ्चालित योजनाहरूको कार्यान्वयन भैरहेको सन्दर्भमा इन्धन तथा निर्माण सामाग्रीमा भएको अस्वभाविक मूल्य वृद्दिको कारण समयमा कार्य सम्पन्न गर्न सम्भव नदेखिएकोले समय थप गर्ने सन्दर्भमा सम्वन्धित पक्षको निवेदन मागको आधारमा नियमानुसार वैंक ग्यारन्टी अद्यावधिक गर्न लगाई योजना सम्पन्न गर्ने अवधि ०७९ आषाढ २० सम्म कायम गर्ने कार्यालयलाई निर्देशन गर्ने सम्वन्धी निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो**

निर्णय नं ११

यस नगरपालिका अन्तरगत प्रमुख प्रशासकिय अधिकृत, विषयगत शाखा प्रमुख तथा अन्य कर्मचारीहरुले कार्य सम्पादन गर्ने सन्दर्भमा फिल्डमा खटिनुपर्दा र शाखागत कार्य जिम्वेवारी निर्वाह गर्ने सन्दर्भमा सरोकारवालाहरू संग आवश्यक समन्वय गर्न देहायबमोजिमको इन्धन खर्च तथा सञ्चार सुविधा कार्यालयले सम्बन्धित शिर्षकमा विमिनयोजित रकमको सिमा भित्र रही उपलब्ध गराउन नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | पद | इन्धन ( मासिक) | सञ्चार खर्च रू ( मासिक) | मर्मत खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | | | सरकारी सवारी साधनको हकमा कार्यालय प्रमुखको मर्मत आदेशमा मर्मत भएकोमा मात्र विल बमोजिमको रकम र निजी सवारी प्रयोग गर्ने फिल्डका प्राविधिक कर्मचारीलाइ मात्र मासिक रू ५०० उपलब्ध गराउने | |
| २ | शाखा प्रमुख | १५ लि. | १००० | | |
| ३ | अधिकृत स्तर ( इञ्जिनियरिङ्ग प्राविधिक) | २० लि. | | | |
| ४ | अधिकृत स्तर | १० लि. | | | |
| ५ | सहायक स्तर ( इञ्जिनियरिङ्ग प्राविधिक | १५ लि. | | | |
| ६ | सहायक स्तर | ७ लि. | | | |
| ७ | नगर प्रहरी र श्रेणीविहिन कर्मचारी | ५ लि | | | |
| ८ | वडा सचिव | १० लि. | १००० | | वडा सञ्चालन खर्च तर्फबाट |

निर्णय नं १३ :

मिति ०७९।२।२८ गतेको नगरकार्यपलिका बैठकमा जम्मा रू ८८,८८,४२,०००।०० को सिलिङ्ग तय गरिएकोमा प्रदेश सरकारबाट शसर्त अनुदान तर्फ रू २५,००,०००।०० बजेट न्युन भएको र शिक्षा शाखा र स्वास्थ्य शाखालाई बजेट समेत थप गर्नु पर्ने भएको हुँदा गत वर्षको अल्या शिर्षकबाट रू २,११,५८,०००।०० थप हुने गरी रू ९१,००,००,०००।०० को बजेट सिलिङ्ग कायम गर्ने निर्णय गरियो ।

निर्णय नं १४.

लुम्बिनी प्रदेश सरकारबाट जारी भएको स्थानीय तहाका पदाधिकारीहरूको सुविधा सम्बन्धी कानुन बमोजिम तोकिएको सुविधा अनुमोदनको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १५: सरोकारवालाहरू समेत संग समन्वय गरी वडा नं २ चिसापानी स्थित राष्ट्रिय आवास कम्पनीको नाममा रहेको ८ विघाहा २ कठ्ठा १२ धुर जग्गा नगरपालिकाको स्वामित्वमा आउने ब्यवस्था मिलाई उक्त जग्गामा चिसापानी अस्पतालको भवन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी वढाउन नगरसभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।